व्यास नगर कार्यपालिकाको २३४ औं बैठक आज मिति २०८२/१२/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | अनुपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा अध्यक्ष, वडा नं. २ | - श्री सोबिता रसाइली | उपस्थित |
| का.वा. अध्यक्ष  वडा न. १२ | - श्री हरिश्चन्द्र पन्थ | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/१२/०४ मा भएको २३३ औं कार्यपालिका बैठकका निर्णयहरु र दोस्रो सार्वजनिक सुनुवाइका सुझावहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: व्यास नगरपालिकाको चौतिसौं स्थापना दिवसको तयारी सम्बन्धमा ।

प्रस्ताव नं.३: आ.व.२०८२/०८३ का योजनाहरुको प्रगति समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.४: आ.व.२०८२/०८३ को चैत्र २० सम्मको आय-व्यय प्रगति विवरण सम्बन्धमा ।

प्रस्ताव नं.५: विदाइ हुने कर्मचारीहरुको सेवाको धन्यवाद एवं सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.६: नगरपालिकाको सरसफाई केन्द्रको अस्थायी जग्गा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.७: व्यास नगरपालिकाको वडा सीमानाहरुको हेरफेर सम्बन्धमा ।

प्रस्ताव नं.८: तनहुँ जिल्लाभित्रका अन्तरपालिका नगर प्रमुख, उपप्रमुख खुला एवं महिला भलिवल प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.९: विपद्जन्य कार्यमा सचेत रहन नगरवासीमा अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: नेपाल सरकारको निर्णयानुसार कार्यालय सञ्चालन समय सम्बन्धमा ।

प्रस्ताव नं.११: नगरपालिकाका विद्यालयहरुमा कार्यरत शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।

प्रस्ताव नं.१२: विद्यालयमा कार्यरत शिक्षकहरुलाई कामकाजमा खटाउने एवं रिक्त दरबन्दीमा विज्ञापन अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं.१३: वडा कार्यालय एवं सिकाइ केन्द्र उद्घाटन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४: मानुङकोट पर्यटकीय ग्राम विकासका लागि जग्गा एकिकरण आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५: विद्यालय समायोजन सम्बन्धमा ।

प्रस्ताव नं.१६: योजनाहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.१७: भुक्तानी दिनुपर्ने दायित्वका लागि रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं.१८: व्याज हर्जना रकम मिनाहा सम्बन्धमा ।

प्रस्ताव नं.१९: योजना परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.२०: भ्रमण आदेश स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.२१: भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२२: कर्मचारीको मासिक पारिश्रमिक भुक्तानी तथा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.२३: स्थानीय बिदा दिने सम्बन्धमा ।

प्रस्ताव नं.२४: फोहोरमैला व्यवस्थापनको रुट संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.२५: समपूरक र विशेष अनुदानको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२६: विपद्जन्य कार्य एवं अत्यावश्यक भनी विभिन्न वडाबाट माग भएका योजनाहरुका सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/१२/०४ गते भएको २३३ औं कार्यपालिकाको बैठकका निर्णयहरु र कार्यालयको सेवा प्रवाह सम्बन्धमा मिति २०८२/१२/२० मा वडा नं.७ कलेस्तीमा भएको दोस्रो चौमासिक सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३४ औं स्थापना दिवस २०८२, चैत्र ३० गते बिहान ११:०० बजेदेखि व्यास ३ दमौली सभाहलमा स्मारिका प्रकाशन गर्ने र व्यवसायी, करदाता, शिक्षक, विद्यार्थी, उत्कृष्ट किसान, उत्कृष्ट उपभोक्ता समिति, टोल विकास संस्था, होमष्टे, कर्मचारीलाई सम्मान एवं पुरस्कृत गर्ने, २०८२ को नगरपालिकाको गतिविधिको स्मारिका प्रदान गर्ने र विविध साँस्कृतिक कार्यक्रम सहित सम्पन्न गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा निर्माणाधीन पराशर मार्ग ४२ प्रतिशत, नारेश्वर ताल ४७ प्रतिशत, बैरेनी जग्गा विकासको भौतिक प्रगति ८० प्रतिशत र यस वर्षको कुल ७३८ योजनाहरु मध्ये २३४ योजनाहरु सम्पन्न भएको, ३९८ सम्झौता सम्पन्न भएको र १०६ योजनाहरु सम्झौता हुन बाँकी रहेको विवरण प्राप्त गरी बैठकमा समीक्षा गरियो ।

**<u>निर्णय नं.४</u>**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको यस आ.व. को कुल अनुमानित आय-व्यय रू.१,७२,५२,०४,५००।(अक्षेरुपी एक अर्ब बहत्तर करोड बाउन्न लाख चार हजार पाँच सय) संघ, प्रदेश, राजश्व बाँडफाँड, आन्तरिक श्रोतबाट रू.८४,६७,१६,७५०/१० (अक्षेरुपी चौरासी करोड सतसठ्ठी लाख सोह्र हजार सात सय पचास रुपैंया दश पैसा) (४९.०७ प्रतिशत) आय प्राप्त भई पूँजीगत तर्फ रू.१९,१६,४२,२८४/७७ (अक्षेरुपी उन्नाइस करोड सोह्र लाख बयालिस हजार दुइ सय चौरासी रुपैंया सतहत्तर पैसा) (२४.७९ प्रतिशत) र चालु तर्फ रू.५३,६४,८६,७३२/२७ (अक्षेरुपी त्रिपन्न करोड चौसठ्ठी लाख छ्यासी हजार सात सय बत्तीस रुपैंया सत्ताइस पैसा) (५६.३४ प्रतिशत) खर्च भई कुल (४२.२ प्रतिशत) खर्च भएको आन्तरिक आयतर्फ रू.२०,००,००,०००। (अक्षेरुपी बीस करोड) मा चैत्र २० गतेसम्म रू.८,७६,२७,००२/५१ (अक्षेरुपी आठ करोड छ्याहत्तर लाख सत्ताइस हजार दुई रुपैंया एकाउन्न पैसा) आय भएको बैठकमा विवरण पेश भई आय तथा व्यय बृद्धितर्फ विशेष ध्यान दिन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट यस वर्ष बिदाइ लिने निम्न लिखित कर्मचारीहरुलाई सेवाका लागि धन्यवाद ज्ञापन गरी कार्यविधि अनुसार सुविधा प्रदान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>यस वर्ष अवकाश/राजिनामा लिने कर्मचारीहरुको विवरण :</u>**

| सि.नं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री विष्णुबहादुर कुमाल | कार्यालय सहयोगी | अनिवार्य |
| २. | श्री लोकबहादुर गुरुङ | कार्यालय सहयोगी | अनिवार्य |
| ३. | श्री नन्दबहादुर कुमाल | कार्यालय सहयोगी | स्वेच्छिक |
| ४. | श्री डम्मरबहादुर श्रेष्ठ | नगर प्रहरी हवल्दार | स्वेच्छिक |
| ५. | श्री शंकरदेव पौडेल | सहायक प्रशासकीय अधिकृत | अनिवार्य |
| ६. | श्री रुद्रबहादुर दरै | न.प्र.स.नि. | अनिवार्य |
| ७. | श्री राधा आचार्य | सहायक प्रशासकीय अधिकृत | स्वेच्छिक |
| ८. | श्री कृष्णप्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत | अनिवार्य |
| ९. | श्री राजुहरी पण्डित | सहायक प्रशासकीय अधिकृत | राजिनामा |
| १०. | श्री कल्पनादेवी पौडेल | प्रशासन सहायक | राजिनामा |
| ११. | श्री बद्रिनाथ पण्डित | खा.पा.स.टे. | राजिनामा |
| १२. | श्री प्रवेशराज अधिकारी | सव-इन्जिनियर | म्याद समाप्त |
| १३. | श्री एकेन्द्र दरै | रिटर्नी स्वयंसेवक | म्याद समाप्त |
| १४. | श्री दिलिप गुरुङ | रिटर्नी स्वयंसेवक | म्याद समाप्त |

**<u>सुविधा लिन बाँकी कर्मचारीहरुको विवरण :</u>**

| सि.नं. | कर्मचारीको नाम | पद | देखि | सम्म | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री मानकाजी श्रेष्ठ | कार्यालय सहयोगी | २०७५।४।१ | २०८१।११।१ | ४६,६८६/- | अनिवार्य |
| २. | श्री बसन्धरा जमरकट्टेल | कार्यालय सहयोगी | २०७५।४।१ | २०८१।११।२८ | ५३,५९०/- | अनिवार्य |
| ३. | श्री प्रविन गुरुङ | नगर प्रहरी | २०७५।१।१२ | २०८२।५।५ | ६०,३८२/- | राजिनामा |
| ४. | श्री प्रतिक्षा लोहनी | प्रशासन सहायक | २०७४।९।१ | २०८२।६।७ | ७४,९१५/- | राजिनामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | श्री सन्तबहादुर दरै | कुचिकार | २०७५।४।१ | २०८२।६।३ | ५६,३५०/- | राजिनामा |
| ६. | श्री मनबहादुर दरै | कुचिकार | २०६५।५।१० | २०८२।७।१ | १,७५,३४२ /- | राजिनामा |
| ७. | श्री शान्ती दरै | कुचिकार | २०७७।५।१ | २०८२।६।३ | ४०,५१९/- | राजिनामा |
| **म्याद समाप्त भएका** | | | | | | |
| १. | श्री पूर्णिमा गुरुङ | प्रशासन सहायक | २०७५।५।६ | २०८२।९।३० | ७१,६०३/- | |
| २. | श्री शर्मिला आचार्य | प्रशासन सहायक | २०७५।६।१८ | २०८२।९।३० | ४३,३५१/- | |
| ३. | श्री सपना पौडेल | ना.प.से.प्रा. (कृषि) | २०७६।८।८ | २०८२।९।३० | ४२,८६८/- | |
| ४. | श्री प्रिया भण्डारी | ना.प.से.प्रा. (कृषि) | २०७६।८।१ | २०८२।९।३० | ४२,८६८/- | |
| ५. | श्री गोपिचन्द्र न्यौपाने | ना.प.से.प्रा. (भेटेरिनरी) | २०७६।८।१ | २०८२।९।३० | ५१,३०२/- | |
| ६. | श्री सन्तोष न्यौपाने | ना.प.से.प्रा. (भेटेरिनरी) | २०७७।३।१ | २०८२।९।३० | ४६,३८२/- | |
| **स्वास्थ्य तर्फ** | | | | | | |
| १. | श्री नारायणी थापा | अ.न.मी. | २०७७।४।१ | २०८२।८।१ | ५८,४९१/- | |
| २. | श्री सरिता थापा | अ.हे.व. | २०७६।५।२३ | २०८२।८।१ | ६७,८७०/- | |
| ३. | श्री नेविका श्रेष्ठ | अ.न.मी. | २०७६।५।२३ | २०८२।९।३० | ५३,४११/- | |
| ४. | श्री रसिता अधिकारी | अ.न.मी. | २०७६।५।२३ | २०८२।९।३० | ५५,४११/- | |
| ५. | श्री लक्ष्मीकुमारी ढकाल | अ.हे.व. | २०७६।४।१ | २०८२।९।३० | ४५,६७९/- | |
| ६. | श्री प्रतिक्षा अधिकारी | अ.हे.व. | २०७७।४।१ | २०८२।९।३० | ४५,६७९/- | |
| ७. | श्री चन्द्रकला पन्थी | अ.हे.व. | २०७६।३।२४ | २०८२।९।३० | ४६,३८२/- | |
| ८. | श्री पदमकुमारी थापा | अ.हे.व. | २०७६।४।१ | २०८२।९।३० | ४५,६७९/- | |
| ९. | श्री अमृता थापा | अ.हे.व. | २०७६।४।१ | २०८२।९।३० | ४५,६७९/- | |

<u>**निर्णय नं.६:**</u> प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि प्रस्तावित जग्गा खरिदको अनुमति नेपाल सरकारसँग माग भएकोमा हालसम्म अनुमति प्राप्त नभएकाले हाल व्यवस्थापन गरिएको व्यास १ कमलडिहीको जग्गामा खाडल पुरा भई वैकल्पिक स्थान खोज्नुपर्ने देखिंदा ३ देखि १० वर्षसम्मका लागि अस्थायी व्यवस्थापन गर्न निजी जग्गाको ७ (सात) दिने सार्वजनिक सूचना जारी गरी माग गर्ने निर्णय गरियो । साथै निजी जग्गा प्राप्त नभएमा सार्वजनिक जग्गा खोजी गरी फ्याक्ने वस्तुहरुलाई प्रदुषण नहुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.७:**</u> प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा स्थानीय तहको निर्वाचन हुनु १ वर्ष पूर्व व्यास नगरपालिकाको वडाहरुको सीमाना हेरफेर गर्न परेमा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारबाट निर्णय हुनुपर्ने कानुनी व्यवस्था भएकाले यस नगरपालिकाको सबै वडाहरुमा पत्राचार भइहेकोमा सबै नगरवासीबाट समेत सुझाव एवं प्रस्ताव माग गर्न ७ दिने सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.८:**</u> प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा तनहुँ जिल्ला भित्रका अन्तरपालिका नगर प्रमुख कप खुल्ला भलिवल कप प्रतियोगिता प्रथम पुरस्कार रू.१,००,०००/- (अक्षेरुपी एक लाख) र अन्तरपालिका उपप्रमुख कप महिला भलिवल प्रतियोगिता प्रथम पुरस्कार रू.७५,०००/- (अक्षेरुपी पचहत्तर हजार) २०८२, चैत्र २८ गतेदेखि दमौलीमा सञ्चालन गर्ने निर्णय गरी आवश्यक व्यवस्थापन गर्न नगर खेलकुद समितिलाई जिम्मा दिने र प्रस्तावित रकम मध्ये रू.६,००,०००/- (छ लाख) व.शि.नं. ११७/११८ बाट खर्च हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं.९:**</u> प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आगामी दिनमा आगजनी एवं अन्य हावाहुरी, विपद्जन्य घटनाहरु हुन सक्ने हुँदा सतर्कता अपनाउन कुनै विपद्जन्य घटना घटेमा तत्कालै सम्बन्धित वडा अध्यक्ष वा

नगरपालिकाको २४ सै घण्टा उठ्ने फोन नं.०६५-५६३०३४ मा सूचना दिनुहुन सम्पूर्ण नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारको निर्णयानुसार हाललाई सरकारी कामकाजको समय बिहान ९:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म सोमबारदेखि शुक्रबारसम्म हप्ताको ५ (पाँच) दिन (शैक्षिक संस्था बाहेक) २०८२/१२/२३ गतेदेखि नै लागू गर्ने भन्ने भएकाले यस नगरपालिकाको अत्यावश्यक सेवा बाहेक सामान्यतः कार्यालय समय नेपाल सरकारको निर्णयानुसार नै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शिक्षक कर्मचारी दरबन्दी मिलान सम्बन्धी शिक्षा समितिबाट पारित प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत निम्न दरबन्दीका शिक्षकहरुलाई निम्नानुसार कामकाजमा खटाउने र रिक्त दरबन्दीमा निम्नानुसार सरुवा विज्ञापनको अनुमति दिने निर्णय गरियो ।

**(क) कामकाजमा खटाइने शिक्षकहरुको विद्यालय र नाम पद विवरण :**

(१) व्यास १३ बालकल्याण प्रा.वि.मा कार्यरत स्थायी प्रा.वि. दरबन्दीका शिक्षक श्री निराशा नेपालीलाई व्यास १२ छाब्दी स्थित छाब्दी आधारभूत विद्यालयमा खटाउने ।

(२) व्यास १२ छाब्दी आधारभूत विद्यालयमा कार्यरत स्थायी प्रा.वि. शिक्षक श्री गणेश वि.क.लाई व्यास १३ बालकल्याण प्रा.वि.मा खटाउने ।

(३) व्यास ७ समता विद्यालयमा कार्यरत स्थायी प्रा.वि. शिक्षक श्री ईश्वरी धामीलाई व्यास १२ स्थित अमरज्योति मा.वि. छिर्कनमा खटाउने ।

(४) बाराही मा.वि. व्यास ११ फराकचौरमा कार्यरत उच्च मा.वि. अंग्रेजी दरबन्दीका मा.वि. शिक्षक श्री विनय पण्डितलाई व्यास ५ नेपालटार स्थित जनजुक्त शाही मा.वि. मा खटाउने ।

(५) जनजुक्त शाही मा.वि. व्यास ५ नेपालटारमा उच्च मा.वि. दरबन्दीमा कार्यरत अंग्रेजी विषयका शिक्षक श्री शैलेन्द्र न्यौपानेलाई व्यास ९ गजौडे स्थित माहेन्द्री मा.वि. मा खटाउने ।

(६) माहेन्द्र मा.वि. व्यास ९ गजौडेमा उच्च मा.वि. दरबन्दीमा कार्यरत अंग्रेजी विषयका शिक्षक श्री हरिकृष्ण श्रेष्ठलाई व्यास ११ फराकचौर स्थित बाराही मा.वि. मा खटाउने ।

(७) व्यास ५ पराशर मा.वि. का नि.मा.वि. स्थायी अंग्रेजी विषयका शिक्षक श्री रामदत्त पौडेल व्यास १० शेवरस्थित सर्वज्योति मा.वि. मा कामकाजमा खटाउने ।

(८) व्यास १ जलदेवी मा.वि. मा कार्यरत मा.वि. स्थायी विज्ञान विषयका शिक्षक श्री पिताम्बर सिग्देललाई व्यास ५ पराशर मा.वि. मा कामकाजमा खटाउने ।

**(ख) रिक्त दरबन्दीमा अनुमति दिने सम्बन्धमा :**

(१) बसाहास्थानमा कार्यत शिक्षक श्री बोधविक्रम गुरुङको उमेर हदका कारण निवृत्त भई रिक्त हुन आएको प्रा.वि. दरबन्दीलाई यसअघि व्यास १० स्थित चण्डिदेवी रा.मा.वि. मा पठाइएकोमा सो निर्णय बदर गरी उक्त दरबन्दी अपाङ्गता कोटा कायम गरी महेन्द्रज्योति मा.वि. व्यास ६ शिशाघाटलाई शिक्षक नियुक्ति अनुमति प्रदान गर्ने ।

(२) व्यास ११ रामथुम्की स्थित चण्डेश्वरी आधारभुत विद्यालयमा कार्यरत प्रा.वि. शिक्षक श्री वासुदेव न्यौपानेले राजिनामा गरी रिक्त हुन आएको दरबन्दी व्यास ११ शेरा स्थित बसन्त आधारभूत विद्यालयमा कायम गरी सरुवा विज्ञापन अनुमति प्रदान गर्ने ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ बर्लाचीस्थित सिकाइ केन्द्रको नवनिर्मित भवनमा स्वास्थ्य केन्द्र स्थानान्तरण गर्ने र वडा नं.८ को नवनिर्मित वडा कार्यालय भवन सोही

दिन ११:०० बजे उद्घाटनको व्यवस्थापन मिलाउन कार्यालयलाई निर्देशन दिने र सम्भव भएसम्म कार्यपालिकाका सबै सदस्यहरु उपस्थित हुने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानहुँकोटमा पर्यटकीय ग्राम विकास गर्नका लागि जग्गा एकीकरण प्रक्रिया मार्फत उक्त क्षेत्रको जग्गा विकास गर्न सम्भाव्यता अध्ययन भइसकेको र उक्त अध्ययन प्रतिवेदन अनुसार आयोजना सञ्चालन गर्न सम्भव रहेको देखिएकोले यस आयोजनाको अवधारण योजना (ब्लक ले आउट प्लान) जग्गा योगदान तथा फिर्ता दिने नीति, जग्गा योगदान प्रतिशत, लंगशिट तथा प्रारम्भिक चक्लाबन्दी नक्सा सहितको मस्यौदा योजना तयार गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्न व्यास नगरपालिका अन्तर्गत जग्गा एकीकरण आयोजना कार्यान्वयन इकाइ मार्फत आगामी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा शिक्षा कर्मचारी दरबन्दी मिलान सम्बन्धी पारित प्रस्ताव अनुसार शैक्षिक वर्ष २०८३ मा समायोजन हुने विद्यालयहरुको सम्बन्धित वडा सिमिति र विद्यालय व्यवस्थापन समितिसँग समन्वय एवं परामर्श गरी २०८३/१/६ गते सम्म प्रतिवेदन दिनका लागि शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

(१) CONTRACT ID: NP-DUDBC-40273-CW-RFB, Upgradation Of Pasara Marga सडक निर्माणको लागि कम्पनी M/S BKHTDCL-ACPL J/V काठमाण्डौबाट म्याद थप गरिपाउँ भनी EOT Document गरेकोमा परामर्शदाता संस्था (DSC) बाट मूल्याङ्कन गरी जेष्ठ मसान्त २०८३ सम्म म्याद थप गर्न मिल्ने भनी विभिन्न कारण सहित पेश गरेको हुँदा सम्बन्धित शाखाको सिफारिस र BOT-3 को आधारमा M/S BKHTDCL-ACPL J/V काठमाण्डौंलाई जेष्ठ मसान्त २०८३ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(२) CONTRACT ID: NP-DUDBC-40273-CW-RFB, Upgradation Of Pasara Marga सडक निर्माण आयोजनाको डिजाइन तथा सुपरभिजन कन्सल्टयान्ट (DSC) BOTED-GOEC J/V काठमाण्डौबाट म्याद थपको लागि पत्र प्राप्त भएकोमा निर्माण व्यवसायी कम्पनी M/S BKHTDCL-ACPA J/V काठमाण्डौंको लागि जेष्ठ मसान्त २०८३ सम्म म्याद थप गर्ने निर्णय भएकोले सोही अनुसार परामर्शदाता संस्था श्री BOTEK-GOEC J/V काठमाण्डौको लागि माघ मसान्त २०८२ देखि आषाढ मसान्त २०८३ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

(३) यस कार्यालयबाट ठेक्का मार्फत सञ्चालित तपसिलमा उल्लेखित निर्माण कार्यहरुको म्याद थपको लागि निर्माण व्यसायीबाट निवेदन पेश भएकोमा विद्युत जडानको लागि मिटर जडानको समस्या, बजेटको समस्या तथा निर्माण स्थलको साइटमा देखिएका अवरोधहरु लगायतका कारणले म्याद थप गर्न उपयुक्त रहेको भनी सिफारिस भै आएकोले सम्बन्धित शाखाको सिफारिस बमोजिम निम्नानुसार म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | म्याद थपको अवधि |
|---|---|---|
| १. | बैरेनी जग्गा एकीकरण आयोजना अन्तर्गत सडक तथा स्ट्रक्चर निर्माण योजना, व्यास १० | २०८३ आषाढ १५ |
| २. | देवीडाँडा खानेपानी योजना, व्यास १० | २०८३ जेष्ठ मसान्त |
| ३. | कमेरेखोला साँधखोला खानेपानी योजना, व्यास १३ | २०८३ जेष्ठ मसान्त |
| ४. | केशवटार लिफ्ट खानेपानी योजना (गजौडी मूल), व्यास १४ | २०८३ जेष्ठ मसान्त |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी भुक्तानी दिनुपर्ने योजनाहरुको भुक्तानी तथा संशोधनका लागि निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

रकमान्तर

आ.व. : २०८२/८३ रकमान्तर : कार्यपालिका शंशोधन

रु. हजारमा

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | कर्मचारी कल्याण कोष (१६) | 21214 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| २ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | खानेपानी निर्माण मर्मत (८३९) | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ४ | ८०४३८४०३१०१ | पर्यटकीय पूर्वाधार निर्माण (८३७) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| | | | | | | | | ३,०००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | पानी तथा बिजुली महशुल (१७) | 22111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| २ | ८०४३८४०३१०१ | सवारी साधन खरिद (१०६७) | 31121 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | खानेपानी निर्माण मर्मत (८३९) | 31156 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| ४ | ८०४३८४०३१०१ | पर्यटकीय पूर्वाधार निर्माण (८३७) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ५००.०० | |
| | | | | | | | | ३,०००.०० | |

अक्षरेपी : रुपैयाँ तिन हजार मात्र।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि-२०७८ को परिच्छेद ३ को दफा (४) (क) (ख) बमोजिम नगरपालिका वडा नं.४ व्यास मार्ग टोल निवासी श्री मोतीलाल श्रेष्ठले व्यवसाय सञ्चालन गर्न २०७२/३/७ गते ५,००,०००। (अक्षेरुपी पाँच लाख) ऋण लिइ बाँकी व्याज र हर्जना रू.१,४२,३४१/९२ (एक लाख बयालिस हजार तीन सय एकचालिस पैसा बयानब्बे) बुझाउन असमर्थ भई मिनाहा माग गरेकाले व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि २०७८ (प्रथम संशोधन २०८०) अनुसार व्याज हर्जना मिनाहा दिने गरी आएको प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९:</u>** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा निम्नानुसार वडाले आ.व.२०८२/०८३ का लागि निर्धारित योजना परिवर्तनका लागि पेश गरेकाले निम्नानुसार परिवर्तन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | हालको योजना | परिवर्तिन योजना | रकम | शीर्षक नं. |
|---|---|---|---|---|---|
| १. | ४ | बिरता टोल नाला निर्माण | विरता टोल व्याडमिन्टन कोर्ट स्तरोन्नति र नालामा स्ल्याव निर्माण | ५,००,०००/- | ९०५ |
| २. | ४ | विपद् व्यवस्थापन कोष | दमौली खानेपानी तथा सरसफाई उपभोक्ता समिति पानी सुद्धिकरण | १,००,०००/- | २०८ |
| ३. | ४ | ट्राफिक प्रहरी कार्यालयबाट जेसिआइ भवन जाने बाटोमा नाला निर्माण | सिमलटार स्वास्थ्य चौकीबाट टोल भवन जाने बाटो | ३,००,०००/- | ५१० |
| ४. | ५ | खेलकुद पूर्वाधार निर्माण | पराशर पार्कमा गेट निर्माण | ४०,०००/- | ५४४ |
| | | पृथ्वी राजमार्गदेखि गुणादी खोलासम्म बाटो स्तरोन्नति | **जम्मा :** | <u>३,००,०००/-</u><br>**३,४०,०००/-** | ५३४ |
| ५. | ६ | युवा महिला सीप विकास तालिम | वडा कार्यालय घेरावार | २,००,०००/- | २२६ |
| ६. | ७ | कलेस्ती टोल विकास संस्था भवन मर्मत | कलेस्ती टोल विकास संस्थामा आवश्यक भाडाहरु खरिद | १,००,०००/- | ६१३ |
| ७. | १४ | छाब्दी आरुबोटे कैजले कुलो तथा सडक निर्माण | छाब्दी मोटर मार्ग ग्राभेल तथा स्तरोन्नति | ३,००,०००/- | ८२३ |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा ICLEI दक्षिण पूर्व एसियाको सचिवालय, ICLEI दक्षिण एसियाको सन् २०२६ अप्रिल १ गतेको इमेल पत्र अनुसार व्यास नगरपालिकाका योजना तथा पूर्वाधार विकास शाखाको प्रमुख सि.डि.इ. डा. राजु पौडेललाई सन् २०२६ अप्रिल १४ देखि १६ सम्म फिलिपिन्सको वागुइयो शहरमा आयोजना हुन गइरहेको International Conference in Local Equitable and Inclusive Resilience (ICLEI-R) २०२६ को लागि व्यास नगरपालिकाको तर्फबाट प्रतिनिधि चयन गरेको हुँदा सि.डि.इ. डा. राजु पौडेललाई उक्त कार्यक्रममा जानको लागि यस कार्यालयबाट कार्यालयलाई आर्थिक भार नपर्ने गरी सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा CONTRACT ID: NP-DUDBC-40273-CW-RFB, Upgradation Of Pasara Marga सडक निर्माणको कार्य सम्पन्न नभएक हुँदा आयोजनाको डिजाइन तथा सुपरभिजन कन्सल्टयान्ट (DSC) BOTEK-GOEC J/V काठमाण्डौंको समेत आषाढ मसान्त २०८३ सम्म म्याद थप गरिएकोले DSC को म्याद थप गर्दा थप आर्थिक दायित्व पर्न जाने अवस्थामा Projectimplementation manual बमोजिम कुल स्वीकृत रकमको ५ प्रतिशतले नबढ्ने गरी भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास १० स्थित शिशुवा भतेरीमा रहेको गैसंरक्षण तथा सरसफाई व्यवस्थापन केन्द्रमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुले डोर हाजिरमा कामकाज गर्दै आएकोमा २०८२ आषाढ महिनाको पारीश्रमिक भुक्तानी दिन छुट भएकाले नियमानुसार निजहरुको पाउने मासिक पारीश्रमिक व.शि.नं. ७२ बाट भुक्तानी दिने निर्णय गरियो ।साथै लेखा शाखामा कार्यबोझका आधारमा यस अघि श्री चेतबहादुर दरैलाई दिइएको सुविधा रकम हाल लेखामा कार्यरत वरिष्ठ लेखा सहायक (पाँचौं) श्री कोपिला पौडेललाई कर्मचारी प्रोत्साहन कार्यविधि अनुसार मासिक रू. ५,०००/- (अक्षेरुपी पाँच हजार) उपलब्ध गराउने निर्णय गरियो ।

(१) ओमकुमारी बोटे - रू. १५,०००/-
(२) टुकुमाया दरै - रू. १५,०००/-
(३) विष्णुमाया पुरी - रू. १५,०००/-

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा ३४ औं नगर स्थापना दिवस मनाउने सन्दर्भमा मिति २०८२/१२/३० गतेका दिन व्यास नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, सामुदायिक एवं निजी शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु (अत्यावश्यक सेवा बाहेक) मा स्थानीय बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा वर्तमान समयमा भएको इन्धनको मूल्यवृद्धि लगायतको कारण फोहोरमैला उठाउने साविकको रुट र दिनमा सरसफाई शाखाबाट पेश भए बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(शनिबार र आइतबार वाहेक हरेक दिन बिहान ७ वजेदेखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० वजे सम्म)

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | सहचालक | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | हरिबहादुर वोटे | ग१द २६२ | ९८१७११३७२४ | १ | मनिलाल कुमाल | ९८०५८२३२३० |
| | | | | २ | भुवन दरै | ९८१११७०१३७ |

| क्र.सं. | भौगोलिक क्षेत्र | समय | कैफियत |
|---|---|---|---|
| १ | मनकामना चोक –विज्ञान चौर टोल -मिलन टोल - आदिकवि क्याम्पस चोक - संगम चोक - डमौली चोक र अडमपानी टोल | सोमबार | |
| २ | भादगाँउ टोल - जलदेवी स्कुल क्षेत्र हुँदा छाब्दी मार्ग डमौली टोल चारकुने वडा कार्यालय चोक - माइलीडाँडा - भङ्भङ्गे - खकौली - रतौली - | मंगलबार | |

| | | | |
|---|---|---|---|
| | मोहोरिया टोल- नेपाली वस्ती माथिल्लो दरै गाँउ | | |
| ३ | विज्ञानचौर - जनचेतना - शिवालय मन्दिर - दरै भवा मार्ग - लालीगुँरास स्कुल लाइन करङकाठ बसपार्क | बुधबार | |
| ४ | गल्वुवेशी तल माथी – नवआदर्श टोल – अकला मन्दिर टोल – भट्ट चोक करङकाठ बसपार्क- लिचिघारी - पानी ट्याङ्की - क्षेत्री भवन लाइन | विहिबार | |
| ५ | भानुभक्त टोल – हाईस्कुलटार – निर्मलनगर - स्वामी चौतारा लाइन - निर्मल जनसुधार टोल – छाब्दी दोभान | शुक्रबार | |

व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम

सरसफाईका साधन परिचालन गर्ने समय तालिका

२०८३ बैशाख देखि

(वडा नं.२ नकुहिने, अस्पतालजन्य र शिशा)

(शनिबार र आइतबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० बजेसम्म)

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | सहचालक | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | सूर्यबहादुर कुमाल | ग१त ३७८१ | ९८४६४८७३२५ | १ | रवि ज्ञामी मगर | ९८१७१५१५७६ |
| | | | | २ | कृष्णे कुमाल | |

| क्र.सं. | भौगोलिक क्षेत्र | बार | कैफियत |
|---|---|---|---|
| १ | बागबजार-माले बगर वडा नं. २ को बुल्दी पुल हाइवेदेखि सफासडक चोक हुँदै प्रशासन चोक – वन कार्यालय -गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/न्यूरोडसम्म नकुहिने फोहोर मात्र | सोमार | |
| २ | कालिका मार्ग –नाग पधेरी/ मिर्लुङ गल्ली/२ वडा नं. वडा कार्यालय/भित्री बजार /भू.पू. लाइन/सिद्धार्थ चोक/पदमचोक सम्म नकुहिने फोहोर मात्र | मंगलबार | |
| ३ | वडा नं.२ को बुल्दी पुल हाइवेदेखि सफासडक चोक हुँदै प्रशासन चोक – वन कार्यालय - गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/ न्यूरोड-केराबारी/उत्तरशीला सम्म नकुहिने फोहोर मात्र | बुधबार | |
| ४ | वडा नं.२ को बुल्दी पुल हाइवेदेखि सफासडक चोक हुँदै प्रशासन चोक – वन कार्यालय - गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/ न्यूरोड अमरापुरी / पानीघट्टासम्म नकुहिने फोहोर मात्र | विहीबार | |
| ५ | पहिलो र तेश्रो सफासडक चोक हुँदै प्रशासन चोक– वन कार्यालय - गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/न्यूरोड सम्म नकुहीने फोहर मात्र/दोश्रो र चौथो हस्पा मेडिकल अस्पताल (१५/१५ दिनमा) | शुक्रबार | २ बजे पछि शुक्ष्म सेक्रिकेश |

| | | | |
|---|---|---|---|
| | | | नमा |

व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम

सरसफाईका साधन परिचालन गर्ने समय तालिका

२०८३ बैशाख

वडा नं.४ नकुहिने

(शनिबार र आइतबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० वजे सम्म)

नकुहिने

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | | | |
|---|---|---|---|---|---|---|
| १ | निमन श्रेष्ठ | बा.प्र-०३-००१स ४००७ | ९८४०७२३०२८ | | | |

| क्र.सं. | भौगोलिक क्षेत्र | बार | कैफियत |
|---|---|---|---|
| १ | दुर्गा मन्दिरदेखि जोशी पम्मसम्म हाइवे पानी वोतल टिप्ने/नागपंधेंरी र व्यास अस्पताल भित्री लाइन - संगम टोल भित्री लाइन/अनासन चौतारी | सोमबार | |
| २ | दुर्गा मन्दिरदेखि जोशी पम्मसम्म हाइवे पानी वोतल टिप्ने र आँपको रुख, हरिओम टोलको भित्री लाइन/प्रशासन लाइन | मंगलबार | |
| ३ | दुर्गा मन्दिरदेखि जोशी पम्मसम्म हाइवे पानी वोतल टिप्ने/ अमरापुरीको भित्री सानो गल्ली र व्यास अस्पताल भित्री लाइन - संगम टोल भित्री लाइन | बुधबार | |
| ४ | दुर्गा मन्दिरदेखि जोशी पम्मसम्म हाइवे पानी वोतल टिप्ने र आँपको रुख, हरिओम टोलको भित्री लाइन प्रशासन लाइन | विहिबार | |
| ५ | दुर्गा मन्दिरदेखि जोशी पम्पसम्म हाइवे पानी वोतल टिप्ने र व्यास अस्पताल भित्री लाइन - संगम टोल भित्री लाइन | शुक्रबार | |

व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम

सरसफाईका साधन परिचालन गर्ने समय तालिका

२०८३ वैशाष देखी

वडा नं. ३ र ४ नकुहिने

(शनिबार र आईतबार वाहेक हरेक दिन विहान ७ वजे देखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० वजे सम्म)

नकुहिने

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | सहचालक | | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | विविन्द्र थापामगर | ग१क१५८५ | ९८२५१३१६७६ | १ | विसाल परियार | ९७०२३३६१७२ |
| | | | | २ | बसन्त बोटे | ९७००३५९४२९ |

| क्र.सं. | भौगोलिक क्षेत्र | बार | कैफियत |
|---|---|---|---|
| १ | सफा सडक चोक-दुर्गा मन्दिर चोक हुँदा वडा नं.४ को हाइवे भोर्लेटार चोक-बुल्दीको पुल पछि - आँपको रुख, वडा कार्यालय, सितल टोल बाट सवडिभिजन वन कार्यालय- खानेपानी ट्याङ्की-साँखर टोल-बागभञ्ज्याङ्ग -जलदेवी मार्ग | सोमबार | |

| | | | |
|---|---|---|---|
| २ | सफा सडक चोक-दुर्गा मन्दिर चोक-३ को भित्री बजारको तरकारी लाइन- महर्षि चोक -निमचोक– अनसन चौतारी लाइन - भेटेरिनरी हुँदा दुर्गा मन्दिर चोक - शान्तिनगर -जिल्ला प्रशासन लगायतका सरकारी कार्यालयहरु | मंगलबार | |
| ३ | सफा सडक चोक-दुर्गा मन्दिर चोक-३ को भित्री बजारको तरकारी लाइन- अनसन चौतारी लाइन -कारागार– देउरालीनगर-वुद्ध टोल- पुलचोक साथै वडा नं. ३ र ४ को बाँकी क्षेत्र | बुधबार | |
| ४ | सफा सडक चोक-दुर्गा मन्दिर चोक हुँदा वडा नं.४ को हाइवे भोर्लेटार चोक-बुल्दीको पुल पछि - आँपको रुख, वडा कार्यालय, सितल टोल बाट सवडिभिजन वन कार्यालय- खानेपानी टयाङ्की-साँखर टोल-बागभञ्ज्याङ्ग -जलदेवी मार्ग | विहिबार | |
| ५ | सफा सडक चोक-दुर्गा मन्दिर वडा नं.४ को हाइवे भोर्लेटार चोक-३ को भित्री बजारको तरकारी लाइन- महर्षि चोक -निम चोक– अनसन चौतारी लाइन - भेटेनरी हुँदा दुर्गा मन्दिर चोक -शान्ति नगर-जिल्ला प्रशासन लगायतका सरकारी कार्यालयहरु | शुक्रबार | |

व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम

सरसफाईका साधन परिचालन गर्ने समयतालिका

२०८३ बैशाखदेखि

(वडा नं.१, २, ३, ४, ५, १०, ११ र १२ नकुहिने र ३ र ४ वडाको क्षेत्रमा कुहिने मात्र उठाउने)

(शनिबार र आइतबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० बजेसम्म)

| क्र.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | क्र.सं. | सहचालक | |
|---|---|---|---|---|---|---|
| १ | बमबहादुर घर्ती | ग१क २१९ | ९८२५१६९७२७ | १. | विष्णुबहादुर दरै | |
| | | | | २. | सदिप घर्ती | |

| क्र.सं. | भौगोलिक क्षेत्र | बार | कैफियत |
|---|---|---|---|
| १ | हाइड्रो, पाटन, चापाघाट, सिर्दी वडा नं.५ को कार्यालय लगायतका वडा नं.५ को सबै क्षेत्र नकुहिने फोहोर मात्र साथै पेम्पस छुट्टै ठाउँमा संकलन गरी ल्याउने (हाईड्रो, व्यारेक १५ दिनमा एक पटक उठ्ने गरी उठाउने) | सोमाबार | |
| २ | डिगाउँ, डिकुना, रानीगाउँमा र पोल्याङ सेरासम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छुट्टै ठाउँमा संकलन गरी ल्याउने | मंगलबार | |
| ३ | वडा नं.४ का वेदव्यास, विरालेटार, विरत, कृष्णपुर, कोटापानी, बागभञ्ज्ग/चुरे खोल्सी टोल लगायतका नकुहिने फोहोर मात्र साथै पेम्पस छुट्टै ठाउँमा संकलन गरी ल्याउने | बुधबार | |
| ४ | वडा नं.२ को मालेबगर, केराबारी, अमरापुरी र वडा नं.३ को बुद्धपार्क, देउराली नगर र पुलचोक कुहिने मात्र साथै बैरेनी, चुरेखोल्सीसम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छुट्टै ठाउँमा संकलन गरी ल्याउने | बिहिबार | |
| ५ | बुल्दी खोला पुलदेखि हाइवे तालघारी, पहेंलीकुवा, मुसेखोला, घाँसीकुवा र कमलबारीसम्म नकुहिने फोहोर मात्र साथै पेम्पस छुट्टै ठाउँमा संकलन गरी ल्याउने | शुक्रबार | |

व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम

सरसफाईका साधन परिचालन गर्ने समयतालिका

२०८३ बैशाखदेखि

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं.२, ३ र ४ कुहिने | | | | | | |
| (शनिबार र आइतबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० बजेसम्म) | | | | | | |
| १ | सोम बहादुर कुमाल | वा. १ ग. ३०१९ | ९८१६६०३२६६ | १ | निखिल दरै | |
| | | | | २ | सन्तोष दरै | |
| क.सं. | भौगोलिक क्षेत्र | | | | बार | कैफियत |
| १ | नगरपालिका – वडा नं.३ को तरकारी फलफूल लाइन समेत वडा नं.२ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र र वडा नं.४ को हाइवे भोर्लेटार चोक-बुल्दीको पुल पछि - आँपको रुख, वडा कार्यालय | | | | सोमार | फर्कदा बाटोमा देखिएको फोहोर ल्याउने |
| २ | नगरपालिका – वडा नं.३ को तरकारी फलफूल लाइन र कुहिने संकलन गर्नुपर्ने क्षेत्र सबै / वडा नं.४ को सवडिभिजन वन कार्यालय- खानेपानी ट्याङ्की-साँखर टोल-बाग बजार -जलदेवी मार्ग | | | | मंगलबार | |
| ३ | नगरपालिका – वडा नं.३ को तरकारी फलफूल लाइन समेत वडा नं.२ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र र वडा नं.४ को हाइवे भोर्लेटार चोक-बुल्दीको पुल पछि - आँपको रुख, वडा कार्यालय | | | | बुधबार | |
| ४ | नगरपालिका – वडा नं.३ को तरकारी फलफूल लाइन र कुहिने संकलन गर्नुपर्ने क्षेत्र सबै/वडा नं.४ को सवडिभिजन वन कार्यालय- खानेपानी ट्याङ्की-साँखर टोल-बागबजार -जलदेवी मार्ग | | | | विहीबार | |
| ५ | नगरपालिका – वडा नं.३ को तरकारी फलफूल लाइन समेत वडा नं.२ को कुहिने संकलन गर्नुपर्ने सबै क्षेत्र र वडा नं.४ को हाइवे भोर्लेटार चोक-बुल्दीको पुल पछि - आँपको रुख, वडा कार्यालय | | | | शुक्रबार | |
| व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम | | | | | | |
| सरसफाईका साधन परिचालन गर्ने समय तालिका | | | | | | |
| २०८३ बैशाखदेखि | | | | | | |
| वडा नं.१-३-४-५-६-७-९-१०-११-१२-१३ र १४ | | | | | | |
| (शनिबार र आईतबार वाहेक हरेक दिन विहान ७ वजे देखि १०.३० सम्म /१०.३० देखि ११.३० सम्म खानाखाने समय /दिउँसो ११.३० देखि ४.०० वजे सम्म) | | | | | | |
| शिशाजन्य र नकुहिने | | | | | | |
| क.सं. | चालक | गाडी नं. | सम्पर्क नं. | क.सं. | सहचालक | सम्पर्क नं. |
| १ | रुद्रनाथ सापकोटा | ग. १ क. | | १ | जिवन कुमाल | |
| क.सं. | भौगोलिक क्षेत्र | | | बार | | कैफियत |
| १ | सफा सडक चोक-दुर्गा मन्दिर चोक हुँदै वडा नं.४ को हाइवे भोर्लेटार चोक- बुल्दीको पुल व्यास मार्ग बागभञ्ङसम्म | | | सोमबार | | पहिलो हप्तामा शिशा जन्य मात्र १ बजेबाट माटो |
| २ | आँपको रुख, वडा कार्यालय, सितल टोलबाट सवडिभिजन वन कार्यालय- खानेपानी ट्याङ्की-साँखर टोल जलदेवी मार्ग | | | मंगलबार | | |
| ३ | व्यास ३ वडा भित्री बजारको तरकारी लाइन-महर्षि चोक-निमचोक– अनसन चौतारी लाइन- भेटेरिनरी हुँदै दुर्गा मन्दिर चोक | | | बुधबार | | |

| | | | |
|---|---|---|---|
| ४ | कारागार– देउरालीनगर-वुद्ध टोल- पुलचोक शान्तिनगर-जिल्ला प्रशासन लगायतका सरकारी कार्यालयहरु | विहिबार | बोक्ने |
| ५ | बागबजार - मालेबगर वडा नं.२ को बुल्दी पुल हाइवे/ मालेबगर, केराबारी, उत्तरशीला, अमरापुरी | शुक्रबार | |
| ६ | प्रशासन चोक – वन कार्यालय - गणेशमान चोक/भेटघाट चोक डाँग्रेखोल्सी/न्यूरोड | सोमबार | दोस्रो हप्तामा शिशा जन्य मात्र १ बजेबाट माटो बोक्ने |
| ७ | तल्लो पाटन, पाटन, घुटुक्डी, दरै गाँउ, चापाघाट, सिर्दी | मंगलबार | |
| ८ | वडा नं.४ का वेदव्यास, विरालेटार, विरता, कृष्णपुर, कोटापानी, बागभञ्ज्ङ, प्रेम चौतारी | बुधबार | |
| ९ | नेपालटार, रानीटारी र बरबोटे टोलको नकुहिने फोहोर मात्र | विहिबार | |
| १० | चुरेखोल्सी टोल शिशाजन्य मात्र र नयाँवस्ती टोलमा फोहोर नकुहिने र शिशाजन्य | शुक्रबार | |
| ११ | विज्ञानचौर – जनचेतना टोल – शिवालय मन्दिर –मनकामना चोक –विज्ञान टोल आदिकवि क्याम्पस चोक छाब्दी -दोभान | सोमबार | तेस्रो हप्तामा शिशा जन्य मात्र १ बजेबाट माटो बोक्ने |
| १२ | जलदेवी स्कुल क्षेत्र - छाब्दी मार्ग ठूलोगाउँ टोल – अडमपानी-भानुभक्त टोल –हाईस्कुल टार –निर्मलनगर | मंगलबार | |
| १३ | खकौली – मोहोरिया टोल -नेपाली गाँउ- रतौली-दरैगाउँ -डमौली टोल - चारकुने- भङभङ्गे | बुधबार | |
| १४ | गल्वुवेशी – नवआदर्श टोल – अकला मन्दिर टोल – करङकाठ बसपार्क-लिचिघारी-माइलीडाँडा-चारकुने वडा कार्यालय क्षेत्र | विहिबार | |
| १५ | वडा नं.१० को बैरेनी, कुमालटारी, दुम्सी, खहरे, दरैगाँउ र बोटेगाउँ | शुक्रबार | |
| १६ | बुल्दी खोला पुलदेखि हाइवे तालघारी, पहेंलीकुवा, मुसेखोला, रानीगाउँमा, पोल्याङ सेरा, घाँसीकुवा र कमलबारी | सोमबार | चौथो हप्तामा शिशा जन्य मात्र १ बजेबाट माटो बोक्ने |
| १७ | कालिका मार्ग –नाग पँधेरी/ मिर्लुङ गल्ली/२ वडा नं. वडा कार्यालय/भित्री बजार/भू.पू. लाइन/सिद्धार्थ चोक/पदमचोक | मंगलबार | |
| १८ | पोल्याङ सेरा टोलमा फोहोर नकुहिने र शिशाजन्य | बुधबार | |
| १९ | पतेनी/दरैगाउँ र सेरा नेपालटार, रानीटारी र बरबोटे टोल शिशाजन्य | विहिबार | |
| २० | मानुङ्कोट | शुक्रबार | |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ को लागि समपूरक र विशेष अनुदान अन्तर्गत तपसिलका योजनाहरुको प्रस्ताव तयार गरी गण्डकी प्रदेश सरकार नीति तथा योजना आयोगमा पठाउन योजना तथा पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(क) बेनीकोट झाँक्रीथान लिफ्टिङ खानेपानी योजना, व्यास १३ - विशेष अनुदान

(ख) अमले जौबारीदेखि कोटथोक सडक स्तरोन्नति, व्यास ८ - समपूरक अनुदान

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाबाट माग भई आएका योजनाहरु एवं विपद्जन्य अत्यावश्यक कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरयो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | झिपु मनकामना गुठीमा शौचालय निर्माण | १ | ५०,०००/- | ९७८ |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| २. | परिवर्तनशील टोल कृषि व्यवसाय पानी व्यवस्थापन अधुरो योजना | १ | ५०,०००/- | ९७८ |
| ३. | भरत पराजुली आगलागी क्षति राहत | २ | १,००,०००/- | विपद |
| ४. | लालबावु अन्सारी आगलागी क्षति राहत | २ | ३०,०००/- | विपद |
| ५. | कालिका मन्दिर सरसफाई व्यवस्थापन समेत | ४ | ८०,०००/- | ७२ |
| ६. | अलैचे खानेपानी टंकी संरक्षण | ५ | ५०,०००/- | ८७५ |
| ७. | बलराम श्रेष्ठ समेत मौरीघार वितरण | ६ | ४०,०००/- | १४२ |
| ८. | शिव मन्दिर तथा बाल विकास पश्चिम बाटो मर्मत | ६ | २,००,०००/- | ९७८ |
| ९. | पहरेढाप खोल्सी कुलो निर्माण | ६ | ९०,०००/- | ८७८ |
| १०. | गंगा बोहोरा धामी ३९ घार मौरी नष्ट राहत | ६ | ४०,०००/- | २१४ |
| ११. | साँगेखोला पानीघट्टा झो.पु. विस्तृत अध्ययन (DPR) | ६ | १,५०,०००/- | ६६ |
| १२. | शिशाघाट चैतेदशैं भलिवल प्रतियोगीता | ६ | ८०,०००/- | १११/११८ |
| १३. | लम्साल डिही भद्रकाली वाग्ले छाना उठाएको व्यवस्थापन | ७ | २५,०००/- | विपद् |
| १४. | स्वास्थ्य शिविर सञ्चालन रकम भुक्तानी (मुटु शिविर) | ७ | १,२७,५९९/९७ | १२४ |
| १५. | रिस्ती आयुर्वेद विद्युत तार व्यवस्थापन | ८ | ९५,०००/- | ८८१ |
| १६. | बर्लाची शहरी स्वास्थ्य केन्द्र, फर्निचर खरिद तथा स्यानीटरी फिटिङ | ८ | १,६३,९००/- | ६४ |
| १७. | हावाहुरीबाट गोठ भत्किइ २ वटा बोका, १ वटा बाख्रा मृत्यु | ९ | २५,०००/- | विपद |
| १८. | नाला खन्दा रुख ढली श्रीप्रसाद श्रेष्ठको घर भत्किएको राहत | ९ | २०,०००/- | विपद |
| १९. | बावुराम सुनार, घरको छाना उडाएको राहत | ९ | २५,०००/- | विपद |
| २०. | सुकमाया वि.क., छाना उडाएको राहत | ९ | १०,०००/- | विपद |
| २१. | जौबारी खानेपानी चट्याङ परी बिग्रिएको मोटर खरिद | ९ | १,००,०००/- | ८७६ |
| २२. | सगरमाथा वृक्षारोपण महाअभियान २०८२ कार्यक्रम, खाडल खन्ने काम ३ जनाको पारिश्रमिक भुक्तानी (गौसंरक्षण क्षेत्र मादीनदी किनार) | १० | २४,०००/- | १६४ |
| २३. | गितादेवी मिश्र, सिँचाइ पाइप टंकी खरिद | १० | २०,०००/- | ८७८ |
| २४. | छाङ्गा बाराही चैतेदशैं मेला व्यवस्थापन | १० | ३०,०००/- | ११६ |
| २५. | मंगलीगैह्रा कटुवा खोला बोक्सीरह खानेपानी मोटर खरिद | १० | ३०,०००/- | ८७६ |
| २६. | व्यास नगर अस्पताल अधुरो पर्खाल निर्माण | १० | ९,५०,०००/- | १२२ |
| २७. | केसरे खेत कुलो निर्माण | ११ | २,००,०००/- | ८७८ |
| २८. | भेषबहादुर थापा, घरको छाना मर्मत | ११ | २५,०००/- | विपद |
| २९. | रामथुम्की डिप बोरिङ खानेपानी पाइप खरिद | ११ | ५०,०००/- | ८७६ |
| ३०. | भ्याङ्दी रातमाटा टोल जिर्ण ट्याक्की मर्मत | ११ | ७०,०००/- | ८७६ |
| ३१. | अमृतराज पन्थ, घर आगलागी राहत | ११ | ३०,०००/- | विपद |
| ३२. | तनहुँसुर कृषि फर्म मोटर खरिद | ११ | ८०,०००/- | ८७६ |
| ३३. | आदिवासी जनजाती संग्रहालय गुरुयोजना निर्माण | १२ | ३,००,०००/- | ६६ |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| ३४. | बेलवास दुग्ध सहकारी सेफ्टी ट्याकी विस्तार | १३ | १,००,०००/- | ९७८ |
| ३५. | ठिन टोल करादी खानेपानी विद्युत महशुल भुक्तानी | १४ | ४०,०००/- | ७२ |
| ३६. | फ्रेण्डसिप कप २०८२ सहयोग | | ३०,०००/- | ११७/११८ |
| ३७. | भञ्ज्याङ विज्ञापन सहयोग | | २०,०००/- | ३६ |
| ३८. | रोटरी क्लब विज्ञापन सहयोग | | २०,०००/- | ३६ |
| ३९. | नेपाल रेडक्रस क्यान्सर परीक्षण शिविर व्यवस्थापन | | ५०,०००/- | १२४ |
| ४०. | जिल्ला सहकारीबाट सहकारी दिवस आयोजना | | ४०,०००/- | १५० |
| ४१. | गजुरे स्वास्थ्य चौकी उद्घाटन व्यवस्थापन | | ७४,०००/- | ७२ |
| ४२. | भुजेल साँस्कृतिक प्रवर्द्धन सहयोग | | ३,००,०००/- | ६६ |
| ४३. | IRIS Device खरिद व्यवस्थापन (पाँच थान) | | ४,५०,०००/- | |
| ४४. | व्यास नगर प्रज्ञा प्रतिष्ठान चितवन सहभागिता खर्च भुक्तानी | | १४,०००/- | ११६ |

***